टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- 2222

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

मिति २०७७।११।१०

विषय : **प्रशिक्षार्थी छनोट गरी पठाईदिने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै),
टोखा नगरपालिका ।

उपरोक्त सम्बन्धमा जिल्ला समन्वय समितिको कार्यालय काठमाडौंको मिति २०७७।११।१० च.नं २९९, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र धादिङको मिति २०७७।१०।२० च.नं. ७५ र ७६ का पत्रहरु यसैसाथ संलग्न छन् । संलग्न पत्रबाट ब्यहोरा अवगत गर्नुभई तालिमको लागि योग्यता पुगेका ईच्छुक प्रशिक्षार्थीहरुको विवरण यस नगरपालिका कार्यालयमा अविलम्ब पठाईदिनुहुन अनुरोध छ ।

.....................
अनिल प्रसाद जोशी
अधिकृत (सातौं)

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com/Website: tokhamun.gov.np

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
बागमती प्रदेश
गजुरी, धादिङ, नेपाल

पत्र संख्या : ०७७/७८
चलानी नम्बर : ६६

२०७७/१०/२०

श्री जिल्ला समन्वय समिति
काठमाडौं, बागमती प्रदेश, नेपाल ।

विषय : विपन्न दलित र अति सिमान्तकृत महिला लक्षित तालिम संचालन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस तालिम केन्द्रद्वारा चालु आ.व. २०७७/७८ मा बागमती प्रदेश अन्तर्गत धादिङ, नुवाकोट र काठमाडौं जिल्ला भित्रका विपन्न दलित र अति सिमान्तकृत महिला लक्षित गरि सशक्तिकरण एवं आर्थिक आत्मनिर्भर तुल्याउने उद्देश्यले सीप विकास तथा क्षमता अभिबृद्धि तालिम-अन्तर्गत व्यावसायिक तथा सीपमूलक तालिम संचालन गर्ने कार्यक्रम रहेको र उक्त प्रयोजनार्थ काठमाडौंका लागि २० जना, धादिङका लागि २० जना र नुवाकोटका लागि २० जनाको कोटा निर्धारण गरिएको हुँदा सोही बमोजिम प्रशिक्षार्थी/सहभागि सिफारिस गरि सहयोग पुऱ्याईदिनुहुन अनुरोध छ ।

## संचालन गरिने तालिमको संक्षिप्त विवरण एवं सहभागि सिफारिसको लागि न्युनतम शर्त र सीमा

१. ***तालिमको विषय*** : ब्युटिसियन/कुक/वेटर/हाउसकिपिङ मध्य कुनै एक ।
२. ***तालिम अवधि*** : अल्पकालिन (छोटो अवधिको) तालिमको विषय र प्रकृतिमा आधारित हुने ।
३. ***तालिम स्थल*** : तालिम केन्द्रले तोकेको स्थान ।
४. ***प्रशिक्षार्थीलाई सुविधा*** : तालिम अवधिमा निःशुल्क खाजा उपलब्ध गराईने ।
५. ***प्रशिक्षार्थीको उमेर समूह*** : १६ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने ।
६. ***शैक्षिक योग्यता*** : कम्तिमा कक्षा पाँच उत्तिर्ण गरेको हुनुपर्ने/SLC/SEE अनुत्तिर्णलाई विशेष प्राथमिकता ।
–अंग्रेजी अङ्क र अक्षर चिन्न, लेख्नको साथै टेप/स्केल चलाउन र नापजाँच गर्न सक्नुपर्ने ।
७. ***सहभागिको अपेक्षित व्यक्तित्व/रुचि/प्राथमिकता*** : तालिम लिन उत्कट रुचि भई सिकेको सीपलाई दीर्घकालिन पेशा/व्यवसायमा रुपान्तरण गर्ने उद्यमशिल सोच, योजना र आवश्यकता भएका व्यक्तिलाई मात्रै सहभागि गराईने/यस अघि तालिम लिइसकेका र आवश्यकता नपरेका व्यक्तिलाई सहभागि नगराईने ।
– विपन्न दलित र अति सिमान्तकृत महिला मध्यपनि उपेक्षित, उत्पीडित एवं गरिब तथा विपन्न परिवारको व्यक्तिलाई सिफारिसमा प्राथमिकता दिइनुपर्ने ।
– तालिम सम्पन्न गरेको एक महिना भित्र सिकेको सीपसँग सम्वन्धित व्यवसाय शुरुवात गर्नुपर्ने ।
८. ***स्वास्थ्य अवस्था*** : मानसिक रोग, सरुवा रोग, अन्य दीर्घरोगी हुन नहुने, आँखा स्पष्ट देख्न सक्ने हुनुपर्ने ।
९. ***सिफारिससाथ संलग्न हुनुपर्ने विवरण*** : सहभागिको नाम, ठेगाना, संपर्क नंबर, अभिभावकको संपर्क नंबर ।
१०. ***आवश्यक कागजात*** : जिल्ला समन्वय समितिको सिफारिस पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिर ४ प्रति पासपोर्ट साइजको फोटो ।
११. ***अतिरिक्त ज्ञान तथा सिकाई*** : तालिम अवधिमा सहभागि प्रशिक्षार्थीलाई विषयगत सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासका अतिरिक्त स्वास्थ्य, सरसफाई, सकारात्मक सोच, व्यक्तित्व विकास र उद्यमशिलता विकास सम्वन्धि जीवन उपयोगी एवं व्यवहारिक ज्ञान तथा सीप समेत सिकाइनेछ ।

(अस्पष्टताको हकमा : ९८५११२२१८० केन्द्र प्रमुख/०१०४०२०५३ कार्यालय समयमा मात्र)

(पुरुषोत्तम पाण्डे)
केन्द्र प्रमुख

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
बागमती प्रदेश
गजुरी, धादिङ, नेपाल

पत्र संख्या : ०७७/७८
चलानी नम्बर : ७५

२०७७/१०/२०

श्री जिल्ला समन्वय समिति
काठमाडौं, बागमती प्रदेश, नेपाल ।

विषय : तालिमका लागि सहभागि सिफारिस गरिदिनुहुन ।

प्रस्तुत विषयमा यस तालिम केन्द्रद्वारा बागमती प्रदेश अन्तर्गत धादिङ, नुवाकोट र काठमाडौं जिल्ला भित्रका एकल महिलाहरुलाई लक्षित गरि जिल्लागत रुपमा २०/२० जनाको लागि १ महिने व्यावसायिक तथा सीपमूलक तालिम संचालन गर्ने कार्यक्रम रहेकोले उक्त प्रयोजनार्थ तहाँ जिल्ला भित्रका सम्भव भएसम्म सबै स्थानीय तहबाट सहभागिता हुनेगरि सरोकारवालाहरुसँगको समन्वयमा तल उल्लेखित मापदण्ड बमोजिम प्रशिक्षार्थी/सहभागि सिफारिस गरि सहयोग पुर्‍याईदिनुहुन अनुरोध छ ।

## संचालन गरिने तालिमको संक्षिप्त विवरण एवं सहभागि सिफारिसको लागि न्युनतम शर्त र सीमा

१. ***तालिमको विषय*** : ब्युटिसियन, कुक, वेटर वा सेनीटरी प्याड निर्माण मध्य कुनै एक (सरोकारवालाहरुसँगको समन्वयमा निर्धारण गरिने)
२. ***तालिम अवधि*** : १ महिना ।
३. ***तालिम स्थल*** : तालिम केन्द्रले तोकेको स्थान । ( तालिमको प्रकृति अनुसार चयन गरिने )
४. ***प्रशिक्षार्थीलाई सुविधा*** : तालिम अवधिमा निःशुल्क खाजा उपलब्ध गराईने ।
५. ***प्रशिक्षार्थीको उमेर समूह र संख्या*** : १६ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने । २० जना ।
६. ***शैक्षिक योग्यता*** : कम्तिमा कक्षा पाँच उत्तिर्ण गरेको हुनुपर्ने/SLC/SEE अनुत्तिर्णलाई विशेष प्राथमिकता ।
   –अंग्रेजी अङ्क र अक्षर चिन्न, लेख्नको साथै टेप/स्केल चलाउन र नापजाँच गर्न सक्नुपर्ने ।
   –सामान्य गणीतीय हिसाब जस्तै : भाग, गुणन, जोड, घटाउ गर्न जानेको हुनुपर्ने ।
७. ***सहभागिको अपेक्षित व्यक्तित्व/रुचि/प्राथमिकता*** : तालिम लिन उत्कट रुचि भई सिकेको सीपलाई दीर्घकालिन पेशा/व्यवसायमा रुपान्तरण गर्ने उद्यमशिल सोच, योजना र आवश्यकता भएका व्यक्तिलाई मात्रै सहभागि गराईने/यस अघि तालिम लिइसकेका र आवश्यकता नपरेका व्यक्तिलाई सहभागि नगराईने ।
– एकल महिला मध्यपनि उपेक्षित, उत्पीडित एवं गरिब तथा विपन्न परिवारको व्यक्तिलाई सिफारिसमा प्राथमिकता दिइनुपर्ने ।
– तालिम सम्पन्न गरेको एक महिना भित्र सिकेको सीपसँग सम्बन्धित व्यवसाय शुरुवात गर्नुपर्ने ।
८. ***स्वास्थ्य अवस्था*** : मानसिक रोग, सरुवा रोग, अन्य दीर्घरोगी हुन नहुने, आँखा स्पष्ट देख्न सक्ने हुनुपर्ने ।
९. ***सिफारिससाथ संलग्न हुनुपर्ने विवरण*** : सहभागिको नाम, ठेगाना, संपर्क नंबर, अभिभावकको संपर्क नंबर ।
१०. ***आवश्यक कागजात*** : सम्बन्धित स्थानीय तह वा जिल्ला समन्वय समितिको सिफारिस पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र ४ प्रति पासपोर्ट साइजको फोटो ।
११. ***अतिरिक्त ज्ञान तथा सिकाई*** : तालिम अवधिमा सहभागि प्रशिक्षार्थीलाई विषयगत सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासका अतिरिक्त स्वास्थ्य, सरसफाई, सकारात्मक सोच, व्यक्तित्व विकास र उद्यमशिलता विकास सम्बन्धि जीवन उपयोगी एवं व्यवहारिक ज्ञान तथा सीप समेत सिकाइनेछ ।

(अस्पष्टताको हकमा : ९८५११२२१८० केन्द्र प्रमुख/०१०४०२०५३ कार्यालय समयमा मात्र)

(पुरुषोत्तम पाण्डे)

# जिल्ला समन्वय समितिको कार्यालय

काठमाडौं ।

☎ ०१-४२५४१०
०१-४२५४१०
०१-४२५४६५

Fax: ४२४३५९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/७८
चलानी नं.:- २९९

मिति ०७७।११।१०

जिल्ला समन्वय समितिको कार्यालय बबरमहल काठमाडौं २०७३

विषयः- प्रशिक्षार्थी छनोट गरी पठाईदिनुँहुन ।

श्री नगरकार्यपालिका, सबै,
काठमाडौं ।

प्रस्तुत बिषयमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय , व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको प.सं. ०७७।०७८, च.न. ७५, मिति ०७७।१०।२० को पत्र यसैसाथ संलग्न छ । सो अनुसार तालिम केन्द्रद्धारा धादिङ्ग, नुवाकोट, काठमाडौं जिल्लाका एकल महिलाहरुलाई लक्षित गरी हरेक जिल्लाबाट २०/२० जनाको लागि एक महिने सीपमूलक तालिम संचालन गर्न लागिरहेकोले, तहाँ नगरपालिकाबाट पत्रमा उल्लेख भए बमोजिम २ २ जना सहभगी छनौट गरी अबिलम्ब पठाईदिनुहुन अनुरोध छ ।

मधु अयाल खनाल
शाखा अधिकृत